हरिहरपुरगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## झनझने, सिन्धुली

बागमती प्रदेश

प.स.- २०८०/०८१

मिति:२०८०/०६/१८

च.न.- ३९५

विषयः राजश्व असुली गर्ने सम्बन्धमा ।

श्री सबै वडा कार्यालय,
(वडा नं. १ देखि ८ सम्म)
हरिहरपुरगढी गाउँपालिका, सिन्धुली ।

प्रस्तुत विषयमा यस गाउँपालिका भित्र रहेका ऐलानी तथा पर्ती जग्गाहरुको गाउँपालिकावाट नापजाच भई भोगचलन गरिरहेका व्यक्तिहरुको सम्वन्धित वडा अध्यक्षज्यूको संयोजकत्वमा प्राविधिक अमिन/सर्भेक्षक सहितको टोलीले जग्गाको पहिचान गर्ने र पहिचान भएको जग्गाको मिति २०८०/०६/१० गते वसेको गाउँ कार्यपालिकाको बैठकले राजश्व वापतको शुल्क तोकेको हुँदा सोही निर्णय वमोजिम कार्य गर्न/गराउनुहुन अनुरोध छ । गाउँ कार्यपालिकाको बैठकको निर्णय प्रमाणित यसैसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।

सीताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत
३।१८

आज मिति २०८० साल असोज १० गते वुधवारका दिन विहान ८:०० बजे हरिहरपुरगढी गाउँ कार्यपालिकाकाको तेश्रो वैठक गाउँपालिका अध्यक्ष श्री बज्रध्वज वाईवाज्यूको अध्यक्षतामा वसी तपसिलमा उल्लेखित पदाधिकारीहरुको उपस्थितिमा छलफल गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री वज्रध्वज वाईवा | अध्यक्ष |
| श्री चेख वहादुर थिङ | उपाध्यक्ष |
| श्री जित वहादुर थिङ | वडा अध्यक्ष |
| श्री विश्व राई | वडा अध्यक्ष |
| श्री कुल वहादुर भोलन | वडा अध्यक्ष |
| श्री कमल कुमार राई | वडा अध्यक्ष |
| श्री साईला लामा | वडा अध्यक्ष |
| श्री यक वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री विच वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री धन वहादुर मुक्तान | वडा अध्यक्ष |
| श्री सन्तली राई दनुवार | कार्यपालिका सदस्य |
| श्री मोहनकाजी विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री छलिमाया मुक्तान | कार्यपालिका सदस्य |
| श्री दुर्गामाया विक | कार्यपालिका सदस्य |
| श्री सोमीमाया रानामगर | कार्यपालिका सदस्य |
| श्री दिल कुमारी कामी | कार्यपालिका सदस्य |
| श्री दाताराम प्याकुरेल, प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

सहयोगी

| | |
|---|---|
| श्री यादव आचार्य | सहायक पाचौ |

१०प्रस्ताव नं. १० मा छलफल गर्दा यस गाउँपालिका भित्र रहेका ऐलानी तथा पर्ती जग्गाहरुको गाउँपालिकावाट नापजाच भई भोगचलन गरिरहेका व्यक्तिहरुको सम्वन्धित वडा अध्यक्षज्यूको संयोजकमा प्राविधिक अमिन सहितको टोलीले जग्गाको पहिचान गर्ने र पहिचान भएको जग्गाको देहायमा उल्लेख भएनुसारको राजश्व सम्वन्धित वडावाट वार्षिक असुल गर्ने निर्णय गरियो ।

क) मदन भण्डारी राजमार्गले छोएको जग्गालाई प्रति कट्ठा रु.१००/-

ख) शाखा सडकले छोएको जग्गालाई प्रति कट्ठा रु.५०/-

ग) सडकले नछोएका जग्गालाई प्रति कट्ठा रु.२५/-

निर्णय प्रमाणित

दाताराम प्याकुरेल
प्रमुख प्रशासकीय अधिकृत
२०८०।०६।१०

हरिहरपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३